मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ०५१-५२१८७९
इमेल: agrisicenceparsa@gmail.com

# कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज, पर्सा

## दुई बाली धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२०

यस कृषि ज्ञान केन्द्र, पर्साको चालु आ. व.२०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार दुई बाली धान प्रवर्द्धन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरु(**कृषि जन्य उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषक, संयुक्त कृषक, कृषि सहकारी, कृषि फर्म, कृषि उद्योग तथा कृषि समुह**)ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात (२०८२।११।०५ गते सम्म) परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

(१) निवेदन पत्र (आवेदन फारम) : तोकिएको ढाँचामा भरिएको निवेदन ।

(२) प्रस्तावः प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम लगायतका विवरणसहित।

(३) नागरिकताको प्रतिलिपिः निवेदकको प्रमाणित प्रतिलिपि ।

(४) स्थानीय तहको सिफारिस पत्र ( पालिका / वडा कार्यालयबाट)

(५) भूमि स्वामित्व प्रमाणपत्रको प्रतिलिपि वा कृषियोग्य जमिन भोगचलनको प्रमाण।

(६) कृषक समूह / कृषि सहकारीको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा कार्यसमितिको निर्णय र अख्तियारी प्राप्त पअधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(७) कृषि फर्म/ कृषि उद्योगको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**सञ्चालन हुने कार्यक्रमहरू:**

(१) चैते तथा वर्षे धानको बीउ तथा सुक्ष्म पोषण तत्वमा अनुदान

(२) स्यालो ट्युबवेल/ विधुतिय मोटर / सौर्य प्यानल निर्माण तथा जडान

(३) गोदाम घर, Threshing/ Drying floor

(४) कृषि विधुतिकरण

**नोट १ः संयुक्त कृषक भन्नाले यस कार्यक्रम अन्तर्गत समुह / सहकारीमा आवद्ध नभएका दुई वा दुई भन्दा बढी कृषकहरुलाई सम्झनु पर्दछ ।**

**नोट २ः राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना, बाराद्वार यस पर्सा जिल्लामा संचालित धान जोन सञ्चालन भएको क्षेत्रहरुमा धान जोन कार्यक्रम अन्तर्गत सुचिकृत भई धान जोनको कार्यक्रम सञ्चालन गरेका कृषक/कृषि सहकारी/कृषि कम्पनी/कृषि फर्महरू तथा पर्सा जिल्लाको छिपहरमाई गाउँपालिकामा चैते धान बालीमा कृषि उत्पादन (ब्लक) विकास कार्यक्रम सञ्चालन गरेका कृषक/कृषि सहकारी/कृषि कम्पनी/कृषि फर्महरूलाई प्रथामिकता दिइने छैन।**

राम जीवन ठाकुर
प्रमुख